# नेपालमा पनि मुटु तथा नसा रोगको औषधि उत्पादन शुरु

गोर्खापत्र समाचारदाता

काठमाडौं, भदौ २९ गते । राज्यलाई आर्थिकरूपले सम्पन्न बनाउन औद्योगिक क्षेत्रको विकास तथा प्रवर्द्धनमा जोड दिनुपर्ने देउराली-जनता फर्मास्युटिकल प्रालिका कार्यकारी निर्देशक हरिभक्त शर्माले बताउनुभएको छ ।

सरकारीस्तरबाट उद्यमीलाई उत्प्रेरित हुने वातावरण तथा नीति बन्नुपर्छ भन्ने धारणा राख्नुहुँदै कार्यकारी निर्देशक शर्मा भन्नुहुन्छ- "औद्योगिक संस्थाले पनि आफ्नो गतिविधि शुरू गर्दा मेरो राज्यप्रतिको दायित्व के हो भनेर चेतनशील भएर उत्तरदायी बन्नुपर्छ ।"

कार्यकारी निर्देशक शर्माको भनाइ छ "औद्योगिक क्षेत्रमा लाग्ने कतिपयले आफ्नो राज्यप्रतिको दायत्व र इमानदारी के हो भन्ने बिर्सिदिनाले औद्योगिक विकासका क्षेत्रमा उन्नति गर्न सकेका छैनौं ।"

जीवनरक्षक औषधिको उत्पादनका क्षेत्रमा काम गर्दैआउनुभएका शर्मा थप्नुहुन्छ- "नेपालमै प्रशस्त औषधि उत्पादन गर्नसक्ने क्षमता भएका संस्था भए पनि नीतिगतरूपमा आयातलाई सुलभ बनाइएकाले स्वदेशी उत्पादनले बजार कम पाएका छन् ।"

नेपालको औषधि बजारको कुल मागको ७० प्रतिशत भार आयातबाट हुनेगरेको छ भने ३० प्रतिशत मात्र स्वदेशी उत्पादनले लिएको छ । नेपालको औषधिको बजार बार्षिक करिब सातअर्ब रुपियाँको छ ।

सरकारले विदेशी कम्पनीलाई नेपालमा प्रवेश गर्दा नेपाली कम्पनी पनि ती मुलुकमा जान पाउन् भनेर विदेशी मुलुकसँग कुरा नराख्ने गरेकोप्रति गुनासो गर्दै निर्देशक शर्मा थप्नुहुन्छ- "प्रतिस्पर्धा गर्नसक्ने कम्पनी त जान पाउनुपर्‍यो र सरकारले व्यवस्था मिलाउनुपर्‍यो नि !"

विश्वका अन्य मुलुकमा निजीक्षेत्रबाटै पनि कुनै विषयमा अध्ययन, अनुसन्धान तथा विकास गर्दा सरकारले अनुदान उपलब्ध गराउने नीतगत व्यवस्था छ, नेपालमा भने त्यो नरहेको उहाँको भनाइ थियो ।

राज्यले अनुसन्धान तथा विकासका क्षेत्रमा काम हुनसक्ने वातावरण बनाए औद्योगिक क्षेत्रको उन्नतिमा सघाउ पुग्ने बताउँदै कार्यकारी निर्देशक शर्मा थप्नुहुन्छ- "नयाँ कम्पनी आउँदा राज्यप्रतिको दायित्व के हो भन्ने विषयलाई पहिलो प्राथमिकता दिने खालको हुनुपर्‍यो, त्यहीं सोच राखेर



आउन सचेत गर्नुपर्‍यो ।"

आर्थिक विकास हुननसके शान्ति स्थापनाका कार्यमा पनि कठिनाइ उत्पन्न हुने धारणा उहाँको थियो- "सबै कुरामा सरकारलाई मात्र दोष दिएर हुँदैन, राष्ट्रको विकासमा निजीक्षेत्रका उद्यमीबाट कति काम भयो, गर्नसकिन्छ, त्यो हेर्नुपर्छ ।"

मुलुकभित्र हुने औद्योगिक उत्पादनले मुलुकभित्रै आर्थिक परिचालन हुनेखालको हुनुपर्छ, हामीकहाँ भएका कतिपय औद्योगिक प्रतिष्ठानले पाँच प्रतिशत पनि मुलुकभित्र परिचालन नहुनेगरेको स्पष्ट गर्दै उहाँले त्यस्ता औद्योगिक प्रतिष्ठानले मुलुकमा सुविधा मात्रै लिन्छन् फाइदा भने हुँदैन ।

औषधिजस्तो अत्यावश्यक वस्तुको उत्पादनमा स्वदेशभित्रै अन्तर्राष्ट्रियस्तरको अत्याधुनिक प्रविधिमा सञ्चालन गर्ने नेपालको पहिलो कम्पनी देउराली-जनता फर्मास्युटिकल्सले विश्व स्वास्थ्य सङ्गठनको मापदण्डअनुरूप उच्चगुणस्तरीय औषधिको उत्पादन गर्दैआएको पनि उहाँले स्पष्ट गर्दै भन्नुभयो- "मुलुकभित्र एउटा प्रतिस्पर्धी कम्पनीमध्ये एउटा देउराली-जनता हो ।"

आफ्नो कम्पनीले नेपालमा नै अत्याधुनिक प्रविधिबाट पहिलोपटक सु-स्वास्थ्य डिभिजनमार्फत मुटु तथा नसारोगलगायत दीर्घरोगको उपचारका लागि औषधि उत्पादन शुरु गरेको जानकारी दिँदै शर्माले थप्नुभयो- "हामी औषधिलाई अन्तर्राष्ट्रिय बजारमा लदिछौं ।"

प्रविधि र गुणस्तरलाई अन्तर्राष्ट्रियस्तरको मापदण्डअनुरूप बनाउने कार्यमा कम्पनी सजगताका साथ व्यवस्थापन गरिएको जानकारी दिनुहुँदै उहाँको भनाइ थियो- "गुणस्तरमा उच्चता कायम राख्न हामीले फाइदा हेरेका छैनौं, मुलुकको नमुना उद्योगका रूपमा अघि बढाउने मात्र हाम्रो प्रयास छ ।"

आफ्नो कम्पनीले अधिराज्यभरिबाट चिकित्सक तथा विशेषज्ञसँग छलफल गरी गुणस्तरीय औषधिको उत्पादनमा जोड दिएको बताउँदै कार्यकारी निर्देशक शर्माले भन्नुभयो- "हामीले आर्थिकभन्दा मुलुकको छवि राम्रो राख्न नेपालमा पनि यस्ता कम्पनी छन् भन्ने देखाउन कम्पनीका रूपमा विकसित गर्न लागेका छौं, राज्यप्रतिको दायित्वलाई पनि बिर्सेका छैनौं ।"

नेपालमा चिकित्सकले सिफारिस गरेअनुरूपको औषधि नपाउने स्थिति छ, त्यसले गुणस्तरमा फरक ल्याई बिरामीको स्वास्थ्यमा प्रभाव पार्नेगर्दछ भन्ने धारणा राख्दै उहाँले यसमा जनता सचेत हुनु जरुरी छ भने राज्यस्तरबाट व्यवस्थित गर्नु आवश्यक छ ।